नगर प्रमुख बाट प्रमाणीकरण
मिति २०७८ कार्तिक १० गते
दस्तखत

# तुलसीपुर उपमहानगरपालिका नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन तथा कार्यसंचालन कार्यविधि, २०७८

## पृष्ठ भूमि

पर्यटन क्षेत्र अनुपम प्राकृतिक सौन्दर्य वोकेको सिमाविनाको आनन्ददायी गनतव्य हो । यस क्षेत्र लाई राष्ट्यि अर्थतन्त्रको विकासको मेरुदण्डको रुपमा लिने गरिन्छ । जैविक विविधता, बहुजातिय,बहुभाषिय,बहुधर्म,र साजिक एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गनतव्यस्थलको रुपमा परिचित छ । विश्वको विज्ञान,प्रविधि र संचार प्रणालीको विकास संगसंगै पर्यटन क्षेत्रको विकासलाई जोडिन सकियो भने मात्र पर्यटकिय क्षेत्र राष्ट्यि अर्थतन्त्रको विकासको आधार बन्न सक्दछ । यस कार्यलाई लक्षमा पुरयाउन सरकारी निकाय। गैरसरकारी संस्था , अन्य संघ संस्था निजि क्षेत्र,,संचार क्षेत्र र अन्य सरोकारवालाहरु विच समन्वय गर्न जरुरत छ । नगरक्षेत्रका पर्यटकीय सम्पदाहरुको तथा लोपनहुन लागेका भाषा,भाषी,कला संस्कृतिहरुको पहिचानगरि त्यस्ता क्षेत्रहरुमा पूर्वाधारको एकिकृत एवं समन्वयात्मक विकास गर्न सकेमा पर्यटन विकासको सम्भावना रहने तथा अवसरहरुको खोजी गर्न सकिनेछ । एशियाकै ठूलो उपत्यका दाङ्ग जिल्लाको मध्ये भागमा आशिन रहेको तुलसीपुर उपमहानगरपालिका उत्तरमा चुरे पहाड देखी लिएर दक्षिणमा महाभारत पहाड सम्म फैलिएको, समुद्र तह देखी ५९२ देखी २०५० मिटरको उचाईमा रहेको छ । ,समशित्वष्ण हावापानि,एवं भौगोलिक विषमता रहेको यस नगर क्षेत्रमा पनि प्रचुर कला, संस्कृति, ऐतिहासिक धरोहरहरु,पौराणीक धार्मिक स्थलहरु तथा एशिया माहादेशमै दोश्रो स्थान ओगडेका (चमेरे गुफा जस्ता) धेरै नै महत्वपूर्ण पर्यटकीय सम्पदाहरु रहेकाछन । अनुपम गुफाहरु, तालहरु वन्यजन्तुहरु, जैविक विविधता तथा हिलसाईडहरु पर्यावरणीय पर्यटकका थप आकर्षक पर्यटकीय सम्पदाका रुपमा रहेकाछन ।

यस नगरमा बाहुन, क्षेत्री,ठकुरी थारु,मगर,कुमाल, नेवार,गुरुङ, छन्त्याल, राना मुस्लिम,दलित,(कामी, दमाई,नेपाली, गन्धर्व,, सुनार सार्की आदी) गरी धेरै जातजातीहरु वसोबास गर्दछन भने उत्तरतिरका वडाहरुमा कही कही राउटेहरु(कुसुन्डा) पनि वसोवास गरेको पाइन्छ । सवै जातजातीमा पाईने आफनै किसिमको कला,संस्कृति रहन सहन,रितिरिवाज परम्परागत भेषभूषा र नगरक्षेत्रमा लाग्ने ऐतिहासिक तथा व्यापारिक मेला,जात्रा सास्कृतिक सम्पदाहरुका रुपमा रहेका छन । यसका अतिरिक्त नगर क्षेत्रमा अन्न तरकारी, फलफूल तथा जडिवुटी खेती, पशुपालन पंक्षि पालन,माहुरी पालन जस्ता कृषि पर्यटनको महत्वपूर्ण सम्भावना समेत रहेको पाईन्छ । यही पृष्ठभूमीमा पर्यटन प्रबर्द्धनलाई लक्ष अनुसारको उचाइमा पुरयाई तलसीपुर उपमहानगरपालिकाको आर्थिक विकासका आधार तयार गर्ने उदेश्यले तुलसीपुर उपमहानगरपालिका स्थानीय साशन संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ वमोजिम यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

**संक्षिप्त नाम र प्रारम्भ**

**१ कार्यविधिको नाम** :नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन तथा कार्य संचालन कार्यविधि २०७८ रहने छ ।

२. यो कार्यविधि तुलसीपुर उपमहा नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखी लागु हुने छ ।

**३.परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **संयोजक भन्नाले** –नगरस्तरीय पर्यटन तथा सस्कृति प्रबर्द्धन समितिको संयोजक लाई सम्झनु पर्दछ।

(ख) **सह संयोजक भन्नाले** तुलसीपुर उपमहानगरपालिका अन्तर्गत नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको सहसंयोजक सम्झनु पर्दछ ।

(ग) **सदस्य भन्नाले** नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको सदस्य सम्झनु पर्दछ ।

घ. **सदस्य सचिव भन्नाले** नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको सदस्य सचिव **सम्झनु पर्दछ ।**

ङ) **समिति भन्नाले** . परिच्छेद ३ बमोजिम गठन भएको नगरस्तरीय पर्यटन तथा संस्कृती प्रबर्द्धन समिति सम्झंनु पर्दछ ।

च) **पदाधिकारी भन्नाले** नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिका पदाधिकारी भन्ने सम्झनु पर्दछ ।

छ) **स्थानीय तह भन्नाले** गाउंपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

ज ) नगर भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

झ) **वडा भन्नाले** तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका वडाहरुलाई सम्झनु पर्दछ ।

ञ) **कार्यपालिका भन्नाले** तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यलय तुलसीपुर दाङलाई सम्झनु पर्दछ ।

(ट) **पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखा भन्नाले** तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत रहेको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखालाई सम्झनु पर्दछ ।

ट) **नगर सभा भन्नाले** तुलसीपुर उपमहानगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ठ ) **मन्त्रालय भन्नाले** संघ,तथा प्रदेशको पर्यटन तथा संस्कृति मन्त्रालय सम्झनु पर्दछ ।

ड) **पर्यटन भन्नाले** पौराणिक ऐतिहासिक,धार्मिक,सामाजिक, सास्कृतिक,आर्थिक एवं प्राकृतिक ,सम्पदाहरु आमनागरीकको रोजगारी तथा जीविकोपार्जन संग जोडिएको विकास तथा क्रियाकलाप भन्ने सम्झनु पर्दछ।

घनश्याम पाण्डे
प्रमुख

परिच्छेद २

२..१ उदेश्य .

**(क)संस्थागत सुदृढीकरण मार्फत सम्भावित पर्यटकीय स्थलहरुको अवसरहरुको खोजीगरि** पर्यटन प्रबर्द्धन,रोजगारीका अवसरहरु तथा आर्थिक विकासको लागि प्रमुख आधारशिला तयार गर्ने ।

(ख) कायविधि वमोजिम गठीत समितिलाई सुव्यवस्थित रुपमा संचालन गर्न निर्देशित गर्ने ।

(ग)पर्यटन क्षेत्रको एकिकृत र व्यवस्थित गर्दै समन्वायत्मक विकास गर्न पर्यटन प्रबर्द्धमा सहयोग पुरयाउने।

(घ)पर्यटन प्रबर्द्धनकालागि आवश्यक नीति,रणनीति तथा वार्षिक एवं दिर्घकालीन योजना गरु योजना निर्माणमा सहयोग पुरयाउने ।

(ङ) नगनगर हरियाली र वातावरणीय स्वस्थता,स्वच्छता,कायम राख्दै तुलसीपुर नगरका १९ वटै वडाहरुमा आकर्षक पर्यटन क्षेत्रको विकास र विस्तार नर्ग सहयोग पुरयाउने ।

(च) पर्यटन क्षेत्रको प्रबर्द्धन तथा विकासकालागि अवसरका खोजी गर्न आवश्यक सहयोग पुरयाउने ।

**२.२ नीती**

**(क)**पर्यटन क्षेत्रको विकासकाको लागि सरकारी एवं गैर सरकारी संस्था,सहकारी संस्थाहरु निजि क्षेत्र संचार तथा अन्य सामुदायीक क्षेत्रसंग साझेदारी एवं सहकार्य गर्ने ।

(ख)नगरक्षेत्रभिका पर्यटकीय सम्पदाहरुको खोज,अनुसंधान गरी संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

२.३ कार्यक्षेत्र .

(क).नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको कार्य क्षेत्र तुलसीपुर उपमहानगरपालिकाको सवै वडाहरु मा रहने छ ।

**(ख)**आवश्यक एवं औचित्यको आधारमा यस नगरलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ हुने देखिएमा सिमा जोडिएका स्थानीयतहहरु संग समन्वय र सहकार्यको क्षेत्र खुला रहने ।

घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद ३

## नगस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन

३.१ पर्यटन विकास सम्वन्धी कार्य सुव्यवस्थित र सुचारु रुपले संचालन गर्न तुलसीपुर उपमहानगरपालिकामा देहायअनुसारको नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति गठन गरिने छ

- .नगर प्रमुख — संयोजक
- उपप्रमुख — सह संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिका सदस्य मध्ये १ जना — सदस्य
- . नेपाल पत्रकार महा संघ दाङ्गका प्रतिनिधी १ जना — सदस्य
- . तुलसीपुर उद्योग वानिज्य संघका अध्यक्ष — सदस्य
- स्थानीय पत्रकार १ जना — सदस्य
- .नगर क्षेत्रमा जातिय भाषिक समुदायीका — सदस्य
  पर्यटन संस्कृति कला,पुरातत्व ऐतिहासीक — सदस्य
  क्षेत्रमा विज्ञता भएका व्यक्तीहरु मध्ये वाट २ जना
- वातावरण ईतिहास विशिष्ट योगदान गरेका व्यक्ती वाट १ जना — सदस्य
- नगर तहमा होटल,टुर एण्ड ट्राभल्स,होमस्टे आदिका व्यवसायी वा कूनै प्रसिद्ध पर्यटकीय क्षेत्रका संचालक मध्ये एक जना पुरुष एक जना महिला समेत गरि २ जना — सदस्य
- जिल्ला समन्वय समिति दाङ्गको पर्यटन प्रबर्द्धन तथा संस्कृति प्रवर्द्धन समितिका सदस्य १ जान — सदस्य
- तुलसीपुर उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखाका प्रमुख (फोकल पर्सन) — सदस्य
- नगरको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखा प्रमुख (फोकल पर्सन) — सदस्य
- यातायात महा संघका प्रतिनिधि वाट १ जना — सदस्य
- .नगर क्षेत्र अन्तर्गतका पर्यटन सम्वन्धी विज्ञता भएका व्यक्तीहरुबाट १जना पुरुष र १जना महिला समेत रहने गरि २ जन — सदस्य
- योग सम्वन्धी प्रशिक्षण केन्द्र वाट १ जना — सदस्य
- दाङ जिल्ला अन्तर्गतका पर्यटन तथ संस्कृति सम्वन्धी विज्ञता भएका व्यक्तीहरु बाट १ जना पुरुष र १ जना महिला समेत रहने गरि २ जना। (नगर प्रमुख ले तोके वमोजिम) — सदस्य
- सुरक्षा निकायको प्रतिनिधी १ जना — सदस्य
- नेपाल संस्कृति विश्वविद्यालयको प्रतिनिधी (विज्ञ) १ जना — सदस्य
- तुलसीपुर उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखाका सहायक कर्मचारी — सदस्य सचिव



घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद ४
## समितिको काम, कर्तव्य र अधिकार

**४.१ नगरस्तरीय पर्यटन तथा संस्कृति प्रवर्द्धन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

(क) नगर क्षेत्रका पर्यटकीय सम्पदाहरुको पहिचान गर्ने ।

(ख) सुचना केन्द स्थापना गरी पर्यटकीय सम्पदाहरुको प्रचार प्रसार गर्ने र संरक्षण, विकास कार्यमा सहजीकरण गर्ने ।

(ग) पर्यटन प्रबर्द्धन र पर्यटकीय सम्पदाहरुको विकासकालागि आवश्यक नीति, रणनीति तथा वार्षिक एवं दिर्घकालीन योजना.(गुरु योजना) निर्माणमा सहजीकरण गर्ने ।

(घ) पर्यटन प्रबर्द्धनकालागि जिल्ला,प्रदेश र केन्द्रिय सरकारी,गैरसरकारी,तथा सहकारी संस्थाहरु र अन्य निकायहरु संग समन्वय र सहकार्य गर्ने भूमिका निर्वाह गर्ने ।

(ङ) नगर क्षेत्र को कूनै एक पर्यटकीय स्थलमा पर्यटन सेन्टरको व्यवस्थापन गर्न सम्वन्धीत पर्यटकीय स्थलको समिति संग सहजीकरण गर्ने ।

(च) तुलसीपुर उपमहानगरपालिकामा आउने पर्यटकहरु लाई सहयोग गर्नको लागि पर्यटन गाईड र पर्यटन हेल्पडेक्सको व्यवस्थापनगर्न सम्वन्धीत निकाय संग सहकार्य तथा सहजिकरण गर्ने ।

(छ) निजि क्षेत्रलाई पर्यटन व्यवसाय तर्फ आकर्षित गर्ने किसिमका कार्य योजनाहरु तय गर्न सहजीकरण गर्ने

(ज).नगरको पर्यटन क्षेत्रको विकासमा पहल गर्ने तथा विकास र विस्तारका लागि आर्थिक एवं मानवीय श्रोतको व्यवस्थापन गर्ने ।

(झ) नगरसभा वाट स्वीकृत भएका वार्षिक कार्यक्रहरु कार्यन्वयनमा सहजीकरण गर्ने ।

(ञ) पर्यटन प्रबर्द्धनका लागि नगर तथा वडाहरु बाट संचालीत कार्यक्रम एवं पर्यटन सम्बद्ध संघ संस्था र समितिका क्रियाकलापहरुको अनुगमन/मुल्यांकण गरी आवश्यक पृष्ठपोषण गर्ने

(ट) घुम्न जाउ तुलसीपुर अभियान लाई दिगो राख्न संवन्धीत निकायहरु संग सहजीकरण गने

(ठ) ललितकला ,परम्परा गतका भेषभूषा,बाजाहरु गित,नाच र अन्य रितिरिवाज हरुको संरक्षण प्रवर्द्धन गर्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न सम्वन्धीत निकायहरु संग सहजीकरण गर्ने ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे

## परिच्छेद ५

### ५.१ समितिको बैठक तथा अन्य प्रशासनिक कार्य

(क) नगरस्तरीय पर्यटन समितिको बैठक १ बर्षमा कम्तिमा ३ पटक वस्नु पर्नेछ ।
(ख)समितिको संयोजकको आदेशानुसार मिति,समय र स्थान समेत तोकी सचिवले ३ दिन पहिले बैठकमा छलफल हुने विषय सहित खुलाई समितिका सवै सदस्यहरुलाई उपस्थित हुन पत्राचार गरी उक्त समय र स्थानमा समितिको वैठक वस्ने व्यवस्था मिलाउनु पर्नेछ ।
(ग) समितिको कूल सदस्यको एकाउन्न (५१) प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि नणपुरक संख्या पुगेको मानिनेछ ।
(घ)समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । निजको अनुपस्थितीमा सह संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।
(ङ समितिका सदस्यहरुको अवधि बढीमा चार वर्षको हुनेछ ।

**५.२ समितिका सदस्यहरुको सेवा शर्त सुविधा**

(क)यस समितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुले नगर कार्यपालिका वैठकका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन ।
(ख)बैठकको भत्ता र कार्यक्रमको अनुगमन खर्च नगरको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखाको स्वीकृत कार्यक्रमा समावेश गर्नुपर्ने छ । तर पर्यटन सम्वन्धीकामको सिलसिलामा अन्य वाह्य जिल्लाहरु तथा भ्रमणमा जानुपरेमा सोको खर्च नगरपालिकाले व्यवस्था गर अनुसार हुनेछ ।

**५.३ छाप तथा लेटरप्याड** :नगर पर्यटन समितिले तुलसीपुर उपमहानगरपालिका, नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समिति, तुलसीपुर दाङ नामको आफ्नो छाप र लेडरप्याड तयार गरी प्रयोग गर्न सक्नेछ ।

## परिच्छेद ६
### निर्देशन सिमा

तसलसीपुर उपमहमानगरपालिकाको नगरसभा वा कार्यपालिकाले नगरस्तीय पर्यटन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसको पालन गर्ने समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद ७
### थपघट र हेरफेर

तुलसीपुर उपमहानगरपालिकाको आवश्यकता, प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्यनजर गरी तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद ८
### खारिजी र बचाउ

८.१ नगरस्तरीय पर्यटन तथा संस्कृति प्रबर्द्धन समितिको गठन तथा संचालन कार्यविधि २०७८ मा आवश्यक फेर बदल गर्ने अधिकार तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिकालाई हुने छ ।
८.२ यो कार्यविधि कूनैपनि ऐन, कानून संग बाभिन गएमा वाभिएको हद सम्म खारेज हुनेछ ।